# प्रेश विज्ञप्ती

**जैविक विविधता संरक्षणका लागि कानूनी परिमार्जनको आवश्यकता** भन्ने विषयका साथ ३२ औं वार्डेन सेमिनार तथा १४ औं मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्षहरुको बैठक कञ्चनजंघा संरक्षण क्षेत्र रहेको ताप्लेजुङ्गमा सम्पन्न भएको छ ।

ताप्लेजुङ्ग जिल्ला क्षेत्र नं. २ का माननीय साँसद श्री डम्बरध्वज तुम्बाहाम्फेले मिति २०७२।११।२६ गते ताप्लेजुङ्ग नगरपालीका वडा नं. ५ मा अवस्थित सामुदायिक भवनमा एक भब्य समारोहका बिच कार्यक्रमको समुद्घाटन गर्नुभएको थियो । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक श्री फणीन्द्रराज खरेलको अध्यक्षतामा सम्पन्न उद्घाटन कार्यक्रममा पूर्वाञ्चल क्षेत्रका क्षेत्रीय वन निर्देशक श्री मन बहादर खड्काको विशेष आतिथ्यता रहेका थियो ।

कार्यक्रममा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका उप-महानिर्देशक श्री गोपाल प्रकाश भट्टराई, नेपाली सेना राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष निर्देशनालयका प्रमुख सेनानी श्री पुरुषोत्तम खड्का, राष्ट्रिय प्रकृति संरक्षण कोषका सदस्य सचिव, नेपालका राष्ट्रिय निकुञ्ज/आरक्ष र संरक्षण क्षेत्रका प्रमुख संरक्षण अधिकृत/संरक्षण अधिकृतहरु, निकुञ्ज/आरक्ष सुरक्षार्थ तैनाथ नेपाली सेनाका गणपति तथा गुल्मपति, मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्षहरु, नेपाल प्रहरी केन्द्रिय अनुसन्धान व्यूरोका प्रतिनिधि, पूर्व प्रमुख संरक्षण अधिकृत, राष्ट्रिय प्रकृति संरक्षण कोष अन्तरगतका आयोजनाका आयोजना प्रमुख एवं प्रतिनिधि, डब्लु.डब्लु.एफ नेपाल, जेड.एस.एल. नेपाल अफिस, पंक्षि संरक्षण संघ लगायतका सहयोगी संस्थाका प्रतिनिधि, ताप्लेजुङ्ग जिल्ला स्थित कार्यालय प्रमुखहरु, ताप्लेजुङ्ग जिल्ला स्थित पेशागत संघ संस्थाका प्रतिनिधि, राजनितीक पार्टीका प्रमुख एवं प्रतिनिधि र कञ्चनजंघा संरक्षण क्षेत्र व्यवस्थापन परिषद् अन्तरगतका पदाधिकारीहरु एवं स्थानीय समुदायको सहभागीता रहेको थियो ।

**जैविक विविधता संरक्षणका लागि कानूनी परिमार्जनको आवश्यकता** विषयमा गहन छलफल गरी ३२ औं वार्डेन सेमिनार तथा १४ औं मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्षहरुको बैठकबाट जिल्ला अदालतमा वन, वन्यजन्तु सम्वन्धी मुद्धाहरुको फैसला गर्न सम्बन्धित क्षेत्रका विज्ञहरु समावेश हुने गरी Green Bench स्थापना गर्न आवश्यक पहल गर्ने, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ लाई समय सापेक्ष बनाउका लागि प्रक्रिया अगाडी बढाउने, दायर गरिने मुद्धाहरुलाई थप बलियो बनाउनका लागि मुद्धा अनुसन्धान, Crime Scene Protection लगायतका विषयहरु समावेश गरी सम्बन्धित राष्ट्रसेवक हरुको क्षमता अभिवृद्धि गर्ने, वन्यजन्तु अपराध नियन्त्रण सम्वन्धी विषयलाई थप संस्थागत बनाउन विभाग र संरक्षित क्षेत्रमा Joint Operation Room को स्थापना गरी Operation संचालन गर्ने र यस सम्बन्धी तथ्यांक Update गरी राख्ने, चिन नेपाल र भारतको संगमस्थलमा रहेको कञ्चनजंघा संरक्षण क्षेत्रलाई Biosphere Reserve बनाउन पहल गर्ने, संरक्षित क्षेत्रमा काम गर्ने राष्टसेवकलाई भवितव्यबाट हुने दर्घटना वा सहादतका लागि विमा गर्न पहल गर्ने, संरक्षण क्षेत्र भित्रका नीजि वनबाट वन पैदावार निकाशीका प्रक्रिया सरलीकरण गर्न आवश्यक पहल गर्ने, वन्यजन्तुवाट हुने क्षतिको राहत सहयोग निर्देशिका २०६९ वमोजिम सम्वन्धित व्यक्तिलाई उपलब्ध गराउने प्रावधान प्रभावकारी भएता पनि यसका प्रक्रियाहरु झन्झटिलो भएको हुँदा राहतको रकम समेत समय सापेक्ष बढाउनु पर्ने **लगायत बिभिन्न २१ वटा महत्वपूर्ण संकल्पहरु पारीत गर्दै सम्पन्न भएको छ ।**

**यो कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्नुहुने संघ सस्था, निकाय एवं महानुभावरु तथा कार्यक्रममा सहभागि सम्पूर्ण मानुभावहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहान्छु ।**

गोपाल प्रकाश भट्टराई
उप-महानिर्देशक
रा.नि.तथा व.ज.सं.बिभाग